श्री

# पाँचथर जिल्ला अदालत

## फिदिम, पाँचथर

पत्र संख्या : ०७७/०७८
चलानी नं. :

सम्पर्क नं.:-०२४५२०१९५
इमेल:-info.dcpanchthar@supremecourt.gov.np
मितिः२०७८।०३।२२

विषयः- सेवा थप गरिएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा कोभिड-१९ महामारीको विषम परिस्थितिमा रोगको जोखिम कम गर्न तथा जिल्ला प्रशासन कार्यालय पाँचथरबाट जारी भएको निषेधाज्ञा समेतको कारण यस अदालतबाट प्रदान गरिदै आएको नियमित सेवामा संकुचन भई आएकोमा मिति २०७८।०३।२३ गतेबाट लागू हुने गरी तपसिल बमोजिमको सेवा प्रवाह हुने गरी मिति २०७८।०३।२२ गते बसेको सरोकारवालाहरुसँगको बैठकबाट निर्णय भई सेवा थप भएकोले सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

तपसिल

१. यस अदालतको मिति २०७८।०१।२७ को बैठकले निर्णय गरेको बन्दीप्रत्यक्षीकरणको निवेदन, अभियोगपत्र दर्ता र थुनछेक, पक्राउ पूर्जी जारी गर्ने, पक्राउ पूर्जीको अनुमति दिने, जरुरी पक्राउ पूर्जीको समर्थन, म्याद थप र CDR को अनुमति प्रदानलाई निरन्तरता दिने ।
२. अदालतमा दर्ता भई सकेका मुद्दाहरुमा मिलापत्र गर्न तथा मुद्दा फिर्ता लिन सकिने ।
३. बाल सुधार गृह तथा कारागारमा रहेको थुनुवा मात्र प्रतिवादी भएका मुद्दाको पेशी चढाई सुनुवाई गर्ने ।
४. तामेली डिसमिस सम्बन्धी फैसला गर्ने ।
५. फरार रहेका प्रतिवादीले PCR परीक्षण Negative भएको ७२ घण्टाभित्रको रिपोर्टसहित हाजिर हुन आए हाजिर गराउने ।
६. जग्गा रोक्का फुकुवा गर्ने ।

(नोटः- काम कारवाही तथा सेवाप्रवाह स्थगन भएको अवधिका मुद्दाहरुको म्याद, हदम्याद र तारेख नगुज्रने ।)

..........................
विश्व जंग सिजापती
श्रेष्तेदार